# मनराशिसवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

जलेश्वर, महोत्तरी

२ नं. प्रदेश, नेपाल

प.सं. : २०७६।०७७

च.नं. : ९२

मिति : २०७६।०६।१८

**विषय : सूचना !**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ परिच्छेद ३० को दफा १७१ मा भएको व्यवस्था अनुसार यस नगरपालिका स्थित रहेको आधारभुत , माध्यमिक तथा धार्मिक विद्यालयहरुको आ.व. २०७५।०७६ को लेखा परिक्षण गराउनु परेकोले निम्न शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र इच्छुक लेखा परिक्षकहरुले तपशिलमा उल्लेखित कागजातहरु र रु. १० को टिकट टास सहित निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

(१) रजिष्टर्ड लेखा परिक्षक प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(२) आयकर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(३) आ.व. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(४) रजिष्टर्ड लेखा परिक्षक प्रमाण पत्र आ.व. २०७६।०७७ को लागि नविकरण गरिएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने छ ।

(५) आ.व. २०७४।०७५ मा नगरपालिकावाट ले.प.नियुक्त भई लेखा परीक्षण गरेको भए सो पत्रको फोटोकपी र प्रगती विवरण समेत राख्नु पर्नेछ ।

.................................

रणजित कुमार यादव

प्रमुख प्रशासकिय अधिकृत